लुम्बिनी प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

राप्ती उपत्यका (देउखुरी),नेपाल।

पत्र संख्या : २०८०/०८१
चलानी नंः.

मितिः २०८०।०४।१०

**विषयः राष्ट्रिय शिक्षा पुरस्कारको लागि सिफारिस सम्बन्धी सूचना।**

प्रस्तुत विषयमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, सानोठिमी भक्तपुरको च.नं. ०७, मिति २०८०।०४।०९ को पत्रबाट नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०८०।०२।०९ को बैठकबाट प्रत्येक वर्ष असोज २ गतेका दिन राष्ट्रिय शिक्षा दिवस मनाउने निर्णय भएको सन्दर्भमा राष्ट्रिय शिक्षा दिवस समन्वय समितिको मिति २०८०।०२।०९ को बैठकको निर्णयअनुसार **नेपाल विद्याभूषण, नेपाल प्रविधि विद्याभूषण, नेपाल छात्रा विद्यापदक र राष्ट्रिय शिक्षा पुरस्कार सम्बन्धी निर्देशिका,** २०७७ को दफा २० को उपदफा (३) अनुसारको संख्यामा नामावली निर्देशिकाले तोकेको प्रक्रिया पुरा गरी ७ दिनभित्र उपलब्ध गराउनको लागि लेखी आएकोले यस प्रदेश अन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयका इच्छुक शिक्षक, कर्मचारी र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीलाई राष्ट्रिय शिक्षा पुरस्कारको लागि यसैसाथ संलग्न निवेदनको ढाँचा अनुसार उक्त निर्देशिका बमोजिम आवश्यक कागजात संलग्न गरी मिति २०८०।०४।१६ गते भित्र यस मन्त्रालयमा प्राप्त हुनेगरी निवेदन पेश गर्नको लागि यस मन्त्रालयको मिति २०८०।०४।१० को निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ। निवेदन यस मन्त्रालयमा पेश गर्न वा मन्त्रालयको इमेल आइ.डि. mosdlumbini@gmail.com मा पठाउन सकिने छ।

२०८०।०४।१०
विष्णु प्रसाद पन्थी
शाखा अधिकृत

समृद्ध लुम्बिनी आत्मनिर्भर प्रदेश

Web: www.mosd.lumbini.gov.np, Email: info.mosd@lumbini.gov.np, mosdfive@gmail.com,
Phone No. 071-550038, 550650